प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

**जथाभावी औषधीको प्रयोग नगरौं**

- जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ । त्यसैले,
- मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौं,
- बिरामी हुँदा घरमा बाँकि रहेका पुराना औषधी नखाऔं,
- अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौं,
- एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं,
- म्याद नाघेका औषधीलाई जथाभावी नफालौं,
- जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ३१७ ॥ २०८१ पुष २३ गते मंगलबार (7th Jan 2025 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-

## बिर्तामोडका पूर्वमेयर शिवाकोटी जेल चलान



झापा(प्रस) । घरेलु कामदारको रुपमा राखिएकी १६ वर्षीया नाबालिकालाई जबर जस्ती करणी गरेको आरोपमा पक्राउ परेका बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटी सोमवार जेल चलान भएका छन् ।

झापा जिल्ला अदालतले उनलाई पुर्पक्षका लागि जेल चलान गर्ने आदेश दिएको हो । सोमवार भएको थुनछेक बहसपछि न्यायाधीश नवीनकुमार जोशीको इजलासले शिवाकोटीलाई थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको अदालतका स्रेस्तेदार किरणकुमार सिंहले जानकारी दिए ।शिवाकोटीको स्वास्थ्य अबस्थालाई ख्याल गरी स्वास्थ्य उपचारको व्यवस्था गर्न न्यायाधीशको आदेशअनुसार झापा कारागार प्रशासनलाई पत्र पठाइएको सिंहले बताए । आइतवार शिवाकोटीसंग बयान लिइएको थियो । शिवाकोटीको पक्षमा अशोक पोखरेल , गजेन्द्र आचार्य , टंक उप्रेती ,बालकुमार कटुवाललगायतका कानुन व्यवसायीहरुले बहस गरेका थिए । प्रहरीले उनलाई गत मंसिर २४ गते पक्राउ गरेको थियो ।

घरेलु कामदारको रूपमा राखिएकी नाबालिकालाई करणी गरेको आरोपमा प्रहरीले उनलाई पक्राउ परेकै दिनदेखि बीएण्डसी अस्पतालमा राखेको थियो । जेल चलान भएपछि पनि शिवाकोटीलाई फेरि बीएण्डसी अस्पतालमै भर्ना गरिएको छ । कारागारबाट उनलाई बीएण्डसी अस्पताल ल्याइएको हो । अदालतको पत्र बमोजिम केही मेडिकल चेकजाँच गर्नुपर्ने भनिएकाले अस्पतालमा भर्ना गरिएको झापा कारागारका प्रमुख रेवन्त भट्टराईले बताए । चिकित्सकको सल्लाह अनुसार के कति दिन राख्नुपर्ने हो सोही अनुसार अस्पतालमा राखिने उनले जानकारी दिए । शिवाकोटीले आफूलाई गाह्रो भइरहेको बताएपछि कारागारबाट अस्पताल पठाइएको कारागार प्रमुख भट्टराईको भनाई छ ।

## झापाका सिडिओ बास्तोलाको सरुवा, अधिकारी आउँदै



झापा(प्रस) । झापाका प्रमुख जिल्ला अधिकारी( सीडीओ) बन्धुप्रसाद बास्तोलाको सरुवा भएको छ। गृह मन्त्रालयले सोमबार निकालेको सरुवाको सूचीमा उनी पनि परेका हुन्। उनलाई गृह मन्त्रालयमा खटाइएको छ। झापामा सर्लाहीका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीलाई खटाइएको छ। सरकारले सात जिल्लाको प्रमुख जिल्ला अधिकारीसहित १२ अधिकारीहरूको सरुवा गरेको छ। गृह मन्त्रालयले काठमाडौं,झापा, कैलाली, सुनसरीलगायत जिल्लाका सिडिओहरूको सरुवा गरेको हो।

काठमाडौंका सिडिओ जयनारायण आचार्यलाई गृह मन्त्रालयमा, कैलालीका सिडिओ धर्मेन्द्रकुमार मिश्रलाई सुनसरी, सुनसरीका सिडिओ रामचन्द्र तिवारीलाई गृह मन्त्रालय, मोरङका सिडिओ प्रेमप्रसाद भट्टराईलाई गृह मन्त्रालय र सल्यानका सिडिओ शम्भुप्रसाद रेग्मीलाई गृह मन्त्रालयमा सरुवा गरिएको हो।

त्यस्तै गृह मन्त्रालयका सहसचिव गोगनबहादुर श्रेष्ठलाई कैलालीको सिडिओ, तुलसीबहादुर श्रेष्ठलाई सर्लाहीको सिडिओ, इन्द्रदेव यादवलाई मोरङको सिडिओ र ऋषिराम तिवारीलाई काठमाडौंको सिडिओमा सरुवा गरिएको छ। त्यस्तै दाङका सहायक सिडिओ सावित्रा पुनलाई सल्यानको सिडिओमा सरुवा गरिएको हो।

## यसकारण अध्यक्षमा मेरो उम्मेद्वारी-ई. सिंह

झापा(प्रस) । निर्माण व्यवसायी संघ झापाको १६ औं साधारणसभाअन्तर्गत नयाँ नेतृत्व चयनका लागि आज निर्वाचन हुँदैछ । हिजो मनोनयन दर्ताका दिन धेरै पदहरुमा सर्वसम्मत भइसकेको छ । मुख्य अध्यक्ष पदका लागि आज निर्वाचन हुन लागेको हो । अध्यक्ष पदका लागि इन्जिनियर प्रकाशकुमार सिंह र रमेश अधिकारीले उम्मेद्वारी दिएका छन् । संघको प्रथम उपाध्यक्षमा केदार गिरी , द्वितीय उपाध्यक्षमा राजकुमार राई , तृतीय उपाध्यक्षमा नयन बराल , महासचिवमा पुष्पराज निरौला , सचिवमा लोकेन्द्र श्रेष्ठ , कोषाध्यक्षमा यज्ञनिधि भुर्तेल र महिला सदस्यमा कमला थाम्सुहाङ निर्विरोध भएका छन् । बाँकी अध्यक्ष , सहकोषाध्यक्ष र १० सदस्य पदका लागि निर्वाचन हुन लागेको हो । सहकोषाध्यक्षमा एंगल गुरुङ, सुरेश भट्टराई र सुरेन्द्र धिमालले उम्मेद्वारी दिएका छन् । त्यस्तै १० वटा सदस्य पदका लागि १५ जनाले उम्मेद्वारी दिएका छन् । उम्मेद् वारी दिनेहरुमा मनोज उप्रेती , हेडम्बरराज निरौला , अजयकुमार देव , रमेश भण्डारी , गंगाप्रसाद गौतम , रोशन कार्की , प्रविण कटुवाल , ज्ञानबहादुर तामाङ, इन्जिनियर विवेक जवेगू, भरत भट्टराई , दिनेश मैनाली , उद्धव कुँवर , गोविन्दप्रसाद घिमिरे, आशिष बान्तवा र इन्जिनियर डालिम खड्का रहेका छन् । निर्माण व्यवसायी संघ झापामा ३७४ जना सदस्य रहेको निर्वाचन समितिका संयोजक गोपाल थापाले बताए । यस निर्वाचनमा ठोस एजेन्डा लिएर ई. प्रकाशकुमार सिंहले अध्यक्षमा उम्मेद्वारी दिएका छन् । विकासे अड्डाका कर्मचारीहरुले निर्माण आयोजना संचालनका सन्दर्भमा गर्ने गरेको सार्वजनिक खरिद नियमावलीको त्रुटिपूर्ण व्याख्याले गर्दा निर्माण व्यवसायीहरुले भोग्नु परिरहेको पीर मर्का समाधान गर्न पहल गर्ने आफ्नो मुख्य एजेन्डा भएको उनले बताएका छन् । उनले यी यस्ता समस्यालाई आफ्नो समस्या भनी वकालत गरी आफ्नो व्यवसाय संचालन गरिरहेकोमा अरु निर्माण व्यवसायीहरुले पनि समान समस्या भोग्दै आएकोमा आम समस्याको रुपमा त्यसलाई समाधान गर्ने प्रतिवद्धता जनाएका छन् । उनको एजेन्डामा त्योसंगै निर्माण व्यवसायी संघ झापाअन्तर्गत छुट्टै इन्जिनियरिङ इकाई गठन गरिने छ । जसले आफ्नै प्राविधिक नियुक्त गर्नेछ । क्षमता नभएका साना निर्माण व्यवसायीहरुलाई ठेक्कासम्बन्धी प्राविधिक समस्याहरुको समाधानमा ती प्राविधिकले सहयोग गर्ने छन् । जसको पहुँच छैन, उनीहरुलाई मद्धत पुग्नेछ । प्राविधिक इकाई गठन गर्न अब संभव देखिएको छ ।

त्यस्तै व्यवसायीको वृत्ति विकासको लागि नियमित रुपमा तालिम संचालन गरिने छ । कल्याणकारी कोषलाई चलायमान बनाइने छ । निर्माण व्यवसायीहरुको संख्या बढिरहेको अबस्थामा त्यसलाई संबोधन गर्न संघीय ढाँचामा परिवर्तन (सात वटा क्षेत्रको अवधारणा) गरिने छ । सबै निर्माण व्यवसायीहरुलाई एउटै नेटवर्किङमा जोड्ने प्रयास गरिने छ ।



- **सार्वजनिक खरिद नियमावलीको त्रुटिपूर्ण व्याख्या सच्याउन लगाइने**
- **इन्जिनियरिङ इकाई गठन गरिने**
- **नियमित रुपमा तालिम संचालन गरिने**
- **कल्याणकारी कोषलाई चलायमान बनाइने**
- **वित्तीय अनुशासन पालना गर्न विशेष पहल गरिन**

❖ बाँकी तेस्रो पृष्ठमा

## चिया क्षेत्रको समस्याप्रति सांसद शर्माको ध्यानाकर्षण

धुलाबारी(प्रस) ।प्रतिनिधिसभा सदस्य तथा नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले चिया क्षेत्रका समस्याहरु समाधानमा सक्दो पहल गर्ने प्रतिवद्धता जनाएका छन् । चिया सरोकारवाला सम्मिलित प्रादेशिक चिया समन्वय समितिले सोमबार ध्यानाकर्षण पत्र बुझाएपछि सांसद शर्माले सो प्रतिवद्धता जनाएका हुन् ।

झापा १ बाट निर्वाचित सांसद शर्मालाई धुलाबारीमा चिया सरोकारवालाहरुको टोलीले चिया क्षेत्रको समस्या सम्बोधनमा पहल तथा समन्वय गर्न आग्रह गर्दै ध्यानाकर्षण गराएका थिए ।

चिया सरोकारवालाले सांसद शर्मालाई चिया क्षेत्रका लागि अहिलेसम्म ऐन निर्माण नभएको, ऐन-कानुनको अभावमा प्रदेश सरकारले विनियोजन गरेको बजेट खर्च गर्न कठिनाई भएको तथा नेपाल सरकारले चिया क्षेत्रको विकास, प्रवर्द्धन तथा संरक्षणार्थ आवश्यक ध्यान नदिएको बताएका छन् । चिया निर्यातमा देखिएका समस्याबारे पनि अवगत गराइएको थियो ।

प्रादेशिक चिया समन्वय समितिका सदस्य तथा नेपाल चिया उत्पादक संघका महासचिव शुक्र दाहालले मुलुक संघीयतामा गएपनि चिया क्षेत्रमा संघीयता कार्यान्वयन नभएको बताए । उनले ९८ प्रतिशत चिया क्षेत्र कोशी प्रदेशमा भएपनि प्रदेश सरकारले चिया क्षेत्रका लागि अहिलेसम्म कुनै निकाय र कानुन नबनाउनु विडम्बना भएको टिप्पणी गरे ।

नेपालमा चिया रोपण भएको १ सय ६१ वर्ष पुग्दा समेत चिया ऐन निर्माण नभएको सांसद शर्मालाई अवगत गराइएको थियो । ५ अर्ब विदेशी मुद्रासहित वार्षिक करिब १३ अर्ब बढीको आर्थिक कारोबार हुने चिया क्षेत्र ऐन कानुनको अभावमा व्यवस्थित गर्न नसकिएको सरोकारवालाको भनाई छ ।

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडका प्रमुख इन्द्रप्रसाद अधिकारीले ऐन कानुनको अभावमा चिया क्षेत्रले गैरकृषि अवरोधहरु भोग्नु परिरहेको बताए । चिया कोशी प्रदेशको प्रमुख आर्थिक क्षेत्र भएपनि तीनै तहको बेवास्तामा परेको दुखेसो गरे । उनले संघ र प्रदेश सरकारको सहकार्य र समन्वय हुन नसक्दा चालु आर्थिक वर्षमा कोशी प्रदेश सरकारले चिया क्षेत्रका लागि विनियोजन गरेको २ करोड ६५ लाख रुपैयाँ खर्च गर्न कठिनाई भइरहेको जानकारी गराए । उनले प्रदेश सरकारले विनियोजन गरेको बजेट कार्यान्वयन गर्ने अवस्था सिर्जना गरिदिन समेत आग्रह गरे ।

त्यसअवसरमा सरोकारवालाहरुले भने-उद्योगी, किसान, श्रमिक, व्यापारी सबै मिलेर हामी दुई वर्षदेखि सबै तहका सरकारहरुलाई चिया क्षेत्रको लागि ऐन कानुन बनाउन र विकासका लागि आग्रह गरिरहेका छौं । तर, अहिलेसम्म आश्वासन बाहेक ठोस काम हुन सकेको छैन् ।

## झापामा पाँच महिनामा आठजनाको हत्या

- **लक्ष्मी उप्रेती**

मेचीनगर । चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो पाँच महिनामा झापा जिल्लामा आठजनाको हत्या भएको छ । चालु आर्थिक वर्ष २०८१/०८२ को साउनदेखि मंसिर महिनासम्म आठजनाको हत्या भएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

कुटपिट गरी दुई तथा खुकुरी प्रहार, छुरा प्रहार, धारिलो हतियार प्रहार, बाम्फोकको प्रयोग गरी, कलको भाच्चिएको हेण्डिल प्रयोग तथा रड प्रयोग गरी एक /एकजनाको हत्या भएको जिल्ला प्रहरी कार्यालय झापाका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक मेहेगी ल्हामु तामाङले जानकारी दिइन् ।

अधिकाँश हत्याका घटनाको मुख्य कारण लागूऔषध सेवन भएको अनुसन्धानले देखाएको छ । लागूऔषध सेवनकर्ताले लागूऔषध सेवन गर्नका लागि आर्थिक स्रोत जुटाउन समेत हत्याका घटना हुने गरेको प्रवक्ता प्रहरी निरीक्षक तामाङको भनाई छ ।

' लागूऔषध खरिदका लागि रकम नभएपछि सेवनकर्ताहरु चोरी तथा लुटपाटमा लाग्ने र त्यसबाट रकम संकलन गर्ने' प्रवक्ता प्रहरी निरीक्षक तामाङले भनिन् ,'अनि चोरी तथा लुटपाटका क्रममा मानिसले थाहा पाइहाले वा चिनिहाले उनीहरुले घरेलु हतियार प्रहार गर्ने र सर्वसाधारणलाई कुटपिट गरी भाग्ने गर्दछन् ।' उनका अनुसार, झापा जिल्लामा पछिल्लो समय लागूऔषधका दुर्व्यसनी पनि बढेका छन् । पाँच महिनामा आठ जना मानिसको हत्या जस्तो आपराधिक क्रियाकलापले झापा जिल्ला जोखिमपूर्ण बन्दै गएको प्रहरी अधिकारीहरुको भनाई छ ।

प्रविधिको गलत प्रयोग, जसरी पनि धन कमाउने मानसिकतालगायतका कारणले यस्ता आपराधिक घटना बढ्ने गरेको प्रहरी स्रोतको भनाई छ । 'परिवार, समाजले पनि कुलतमा फसेका, गलत मानसिकता राख्नेलाई सही सल्लाह दिनुपर्छ' एकजना प्रहरी अनुसन्धान अधिकृतले भने,'सबैले सही परामर्श र सुझाव दिए यस्ता आपराधिक क्रियाकलापमा धेरै कम गर्न सकिन्छ ।' पछिल्लो पुस्ता छिटो आर्थिक लाभ प्राप्त गर्ने मनोवृत्तिले डिप्रेसनमा फस्ने, गलत साथीभाइसँग लाग्ने, कुलतमा लाग्ने, प्राकृतिक स्रोतमा द्वन्द्व गर्नेलगायतका क्रियाकलाप बढेको अनुसन्धानले देखाएको छ ।

हत्याका अधिकाँश घटनामा परिवार, आफन्त धेरै नजिकको साथीभाइहरु संलग्न रहेको प्रहरीको अभिलेखले देखाएको छ । यो अवधिमा जिल्लाका विभिन्न पालिकाहरुमा श्रीमानले श्रीमतीको, श्रीमतीले श्रीमानको, साथीले साथीकै, छिमेकीले छिमेकीको, चिनजानकै भरमा निर्मम रुपबाट हत्या गरिएको धेरै घटनामा संलग्नलाई पक्राउ गर्न प्रहरी सफल भएको र समय समयमा पत्रकार सम्मेलनमार्फत उनीहरुलाई सार्वजनिक गर्ने गरेको उनको भनाई छ । श्रीमानले श्रीमतीलाई कुटपिट गरी हत्या गरेको नचिनेका मान्छेहरुले कुटपिट गरी मारेको प्रहरी निरीक्षक तामाङको भनाई छ ।

सबै हत्याका घटनामा घरेलु हतियार प्रयोग भएका छन् । ढोकामा लगाउने चुक्कुल, बाँस, फलामको बाम्फोक, खुकुरी, फलामको हम्बर प्रयोग भएका छन् । एकजना प्रहरी अनुन्धान अधिकृतको बुझाइमा परिवार र आफन्तभित्रै हुने हत्याका अधिकांश घटना आवेशप्रेरित देखिन्छ । घरेलु हिंसा, आर्थिक समस्या, मानसिक समस्या, शंका, विवाहेत्तर सम्बन्ध, वैदेशिक रोजगारी, जाँड/रक्सी र लागूऔषधका कारणले पनि यस्ता घटना हुने गरेका छन् ।


प्रहरी निरीक्षक तामाङको अनुसार पहिले संगठित हत्या हुने गर्थे भने अहिले परिवार र आफन्तभित्रै हत्या हुने गरेको छ । उनी भन्छिन् 'अहिले परिवार र आफन्तभित्रै हत्या हुन थालेपछि प्रारम्भिक अनुसन्धानको सुई नै परिवारभित्रै केन्द्रित गर्ने प्रचलनजस्तै भइसक्यो ।'

मदिरा सेवनपछिको विवाद, रिसईवी, आर्थिक लेनदेनका कारण हत्याका घटनाहरु भएको प्रहरी अनुसन्धानले देखाएको छ । पछिल्लो समयमा असहनशील र उत्तेजक प्रवृत्तिले भएका घटनाका प्रशस्तै उदाहरण छन् ।

**प्राणघातक स्तन क्यान्सरबाट बचौं**

**स्तन क्यान्सरका लक्षणहरू**

- **स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,**
- **स्तनको छालामा निको नहुने घाउ आउनु,**
- **स्तनको आकारमा परिवर्तन हुनु,**
- **स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,**
- **स्तनको मुन्टा भित्रतर्फ जानु,**
- **स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,**
- **स्तन दुख्नु वा सुन्निनु,**
- **यस्ता कुनै पनि लक्षण देखिए तुरून्तै चिकित्सकसंग परामर्श गरौं**




**झापा गाउँपालिकाको कार्यालय**

टाँघनडुब्बा, झापा

## सिमेन्टको मूल्यबृद्धिको विरोधमा हार्डवेयर पसल बन्द

झापा(प्रस)। देशभरका सिमेन्ट उद्योगहरुले सिमेन्टको मूल्यमा असामान्य बृद्धि गरेको भन्दै झापा बुद्धशान्ति गाउँपालिकाका हार्डवेयर ब्यवसायीहरुले सोमवार पसल बन्द गरेका छन् ।

सिमेन्ट उद्योगहरुले विगत एक महिनायता सिमेन्टको मूल्यमा प्रतिबोरा ३७५ रुपैयाँसम्म बृद्धि गरेको र यसबाट आम उपभोक्ता तथा ब्यवसायीबिचको सम्बन्धमा नकारात्मक असर परेको भन्दै सिमेन्ट उद्योगहरुलाई मूल्य घटाउनका लागि दबाब दिने उद्देश्यले बुद्धशान्तिका हार्डवेयर ब्यवसायीहरुले सोमवार सम्पूर्ण पसल बन्द गरेका हुन् ।

त्यस्तै मेची राजमार्ग हुँदै सिमेन्ट ढुवानी गर्ने सवारीसाधनहरुलाई कम्तीमा एक घण्टा होल्ड गर्ने दबाबमुलक कार्यक्रमसमेत गरेका छन् । आज बिहान बुद्धशान्ति - १ पुलचोकमा बुद्धशान्ति हार्डवेयर ब्यवसायी संघका अध्यक्ष शिवलाल कोईरालाको नेतृत्वमा करिब २०/२५ जना हार्डवेयर ब्यवसायीहरु भेला भई सिमेन्ट बोकेका मालबाहक सवारी साधन चेकजाँच गरेका थिए ।

बुद्धशान्ति गाउँपालिकामा करिब २२५ वटा हार्डवेयर पसल रहेका छन् । हार्डवेयर बन्द गर्ने विषयमा बुद्धशान्ति गाउँपालिका र उद्योग वाणिज्य संघ बुधवारेलाई जानकारी गराएको वाणिज्य संघका अध्यक्ष दीपक सापकोटाले बताए ।

## सार्वजनिक यातायातको भाडादर वृद्धि

झापा(प्रस) । सरकारले सार्वजनिक यातायातको भाडादर वृद्धि गरेको छ । यातायात व्यवस्था विभागले सोमबारदेखि सार्वजनिक यातायातका यात्रुवाहक तथा मालवाहक सवारी साधनको भाडादर ३ प्रतिशतसम्मले वृद्धि गरेको जानकारी दिइएको छ।

यात्रुवाहक सवारीमा ३.३० प्रतिशत वृद्धि गरिएको छ । पहाडी बाटोमा सञ्चालन हुने मालवाहक सवारीमा ०.८१ प्रतिशत र तराईको बाटोमा सञ्चालन हुने मालवाहक सवारी ०.०५ प्रतिशतले मूल्य वृद्धि गरिएको छ ।

## विराट...

बताइएको छ। विराट एक्स्पो २०२५ व्यवस्थापन समिति संयोजक भोलेश्वर दुलालले एक्स्पोमा स्टार्टअफ कन्फ्रेन्स, रोजगार कोशी, इनर्जी इफिसियन्सी, 'मेरो देश, मेरो उत्पादन' लगायत कार्यक्रम आयोजना गरिने बताए। एक्स्पो सञ्चालनका लागि करिब ३ करोड खर्च हुने अनुमान गरिएको उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले जानकारी दिए। नयाँ उद्यमीलाई प्रोत्साहन गर्ने उद्देश्यले एक्स्पो आयोजना गर्न लागिएको उनको भनाइ छ।

## बिर्तामोड नगरपालिका

५ नं. वडा कार्यालय झापा

### घरको सटर खाली गराइदिने बारेको सूचना

प्रकाशित मिति- २०८१/०९/२३

बिर्तामोड नगरपालिका वडा न.५ बस्ने भुवेन धिमालले मिति २०८१/०८/१३ गतेका दिन यस वडा कार्यालयमा पेश गरेको निवेदन बमोजिम बिर्तामोड नगरपालिका -५ निवासी निवेदक भुवेन धिमालको नाममा दर्ता कायम रहेको साबिक अनारमनी ३ हाल बिर्तामोड ५ मा पर्ने कि.न.१६५२ को ज.वि.१७१२.३० जग्गामा बनेको ३ तला घरको भुइँतलाको २ वडा सटर कोठा अर्जुनधारा नगरपालिका वडा न.७ निवासी गोपाल चम्लागाईले मिति २०७९।०१।०५ गतेदेखि मासिक भाडा रु ९०००।-(नौ हजार मात्र) लिई मदिरा खुद्रा व्यवसाय गर्दै आएको र हाल मिति २०८०।०३।०५ गतेका दिन देखि घर भाडा नतिरी सम्पर्कविहीन भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्रमा सम्पर्कमा आई निज घरधनी भुवेन धिमाललाई शर्त बमोजिमको भाडा भुक्तानी गरी घरको कोठा खाली गराई दिनुहुन अनुरोध छ । यो सूचनालाई बेवास्ता गरि लिखित जवाफ वा सम्पर्कमा नआएमा कानुन बमोजिम भईजाने कुरा जानकारी गरिन्छ । .

## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,अर्जुनधारा नगरपालिका वार्ड नं.-५ मा बस्ने जगतबहादुर खड्काकी छोरी हरिबहादुर कार्कीकी पत्नी श्रीमती कृष्ण कुमारी कार्कीको मिति वि.सं.२०८१/०८/२६ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय विर्तामोडमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान श्री हरि बहादुर कार्कीले मिति वि.सं.२०८१/०९/२१मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np




## श्री अली राईस मिल

भद्रपुर नगरपलिका वडा नं.६ झापा

### शिलबन्दी दररेट पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति-2081/09/२३

प्रस्तुत विषयमा यस अली राईस मिल, भद्रपुर नगरपालिका वडा नं. ६, झापा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापाबिच भएको सम्झौता अनुसार यस फर्मले संचालन गर्ने जोन/सुपरजोन क्षेत्रमा कृषि चैते/बषे धान प्रशोधन उद्योग तथा बजारीकरण प्रवर्दन कार्यक्रम अन्तर्गत तपशिलको स्पेशिफिकेसन अनुसारको राईस मिल १ थान खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक सप्लायर्सले निम्नानुसारको स्पेशिफिकेसन अनुसारको सामाग्रीको शिलबन्दी दररेट यो सूचना प्रकाशन भएको 30 औं दिन मिति-2081/1)/२३ गते भित्र यस श्री अली राईस मिल, भद्रपुर नगरपालिका वडा नं.६, झापामा पेश गर्न आव्हान गरिन्छ।

तपशिलः

| S.N | Name of Required Machineries | Specification | S.N | Name of Required Machineries | Specification |
|---|---|---|---|---|---|
| | RICE PROCESSING UNIT( 1 TON) | | | | |
| 1 | SPACE REQUIREMENT | | 6 | RICE GRADER | |
| | Space: | The minimum space required should be 30 ft x 20 Ft. Machine should be arrangaged in a linear layout considering wide pathways for worker movement and material handling. | | Capacity: | 1 Ton/hr |
| 2 | PADDY CLEANER | | | Power | Motor 1 - 2 HP |
| | Capacity: | 1 Ton/hr | | Type: | Cylindrical or Flat Grader with Dust Aspirator/ Blower to remove Bran/ Husk |
| | Power | Motor 2 HP, 3 Phase | | Screen Sizes | Customizable for different grain sizes |
| | Type: | Vibro Cleaner or Rotary Cleaner with dust Aspirator/Blower | 7 | BUCKET ELEVATORS | |
| | Screen Size | Multiple layers ( at least 2 layer Screen deck ) | | Capacity: | 1 Ton/hr |
| | Material | Mild Steel | | Power | Motor 1 - 2 HP |
| 3 | RUBBER ROLL PEDDY HUSKER | | Height | Customizable (as per setup) | |
| | Capacity: | 1 Ton/hr | | Material | , 4" Bucket Bolt |
| | Power | Motor 7.5-10 HP 3 Phase | | Belt Material | Nylon Belt |
| | Rubber Roll Size | 6" diameter, 8" length | | | All Complete with motor attachment |
| | Roller Adjustment | Manual or pneumatic | 8 | RICE BAG SEWING MACHINE | |
| | Material | High- Grade Rubber | | Capacity: | 100-150 Bags/ hour |
| 4 | PADDY SEPARATOR | | Power | Motor 0.5 - 1 HP | |
| | Capacity: | 1 Ton/hr | | Stitching Speed | 500-1000 stitches/Minute |
| | Power | Motor 3 - 5 HP 3 Phase | | Bag Size | 5-50 KG |
| | Type: | Gravity Table Separator | | Type: | Portable |
| | Construction | Stainless Steel trays | 9 | POUCH SEALING MACHINE | |
| 5 | JET POLISHER | | Capacity: | 100-150 Pouches /hour | |
| | Capacity: | 1 Ton/hr | | Power | Motor 0.5 - 1 HP |
| | Power | Motor 10 HP or more 3 Phase | | Sealing Width | 5-10 mm |
| | Type: | Horizontal Polisher | | Material Compatibility | LDPE, HDPE, Laminated film |
| | Polishing Method | Friction | | Automation | Semi automatic |
| | Construction | With 2 PC Rubber Brake and 2 PC Screen | | | |
| 10 | OTHER, MAIN ELECTRIC PANEL,CABLES AND WIRING,LIGHTING AND EXHAUST FAN, EARTHING AND SURGE PROTECTION | Industrial -Grade 3 phase control Panel Complete setup, Fire -Resistant cables, 10mm2 for main supply, 4mm2 for machine motors with well Cable Management(Cable trays and conduits to organize wiring), LED Light for Proper illumination, 24-inch dia exhaust fan, Earthing Plate or rod with a resistance 5 ohms, Surge protectors for voltage fluctions | | | |

नोटः 1. कोटेशन पेश गर्दा मूल्य, कम्पनीको नाम, ब्राण्ड, मोडल नं. एच.पी. स्पेशिफिकेसन स्पष्ट खुलाउनु पर्ने छ।
2. सामाग्री , अली राईस मिल, भद्रपुर नगरपालिका वडा नं.६, झापा सम्म ढुवानी, जडान, तालिम गर्दाको सर्त र अवधि समेत उल्लेख गर्नु पर्नेछ।साथै सामाग्रीको ग्यारेन्टी वारेन्टी ट्रेड मार्क समेतको पत्र खुलाई पेश गर्नुपर्नेछ।
3. शिलबन्दी दररेट कोटेशन अनुसार जुन कम्पनी र ब्राण्डको मोडल नं. र एच.पी. को मेसिनरी औजार उपकरण पेश गरि छनौट भई स्वीकृत भएको छ त्यही कम्पनी र ब्राण्डको मोडल नं. र एच.पी. को मेसिनरी औजार उपकरण हुनुपर्नेछ।
4. शिलबन्दी दररेट कोटेशन छनौट सम्बन्धि अन्तिम निर्णय अली राईस मिलमा निहित रहनेछ।
5. शिलबन्दी दररेट यस अली राईस मिल, भद्रपुर नगरपालिका वडा नं.६, झापामा बुझाउनु पर्नेछ।
6. कम्पनीको डिस्टीब्युटर अथोराईजेशन लेटर, पर्फमेन्स लेटर, कम्पनी नविकरण गरिएका आदि कागजात बुझाउनु पर्नेछ।
7. शिलबन्दी दररेट पेश गर्ने सप्लायर्स प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापामा सुचिकृत भएको हुनु पर्नेछ।
थप जानकारीका लागि सम्पर्क मो.नसिम अली (संलाचल) फोन नं. -९८५११८३७८६)

## चिया...

सरोकारवालाले चिया खेतीमा सिंचाइका लागि लगाइएको चर्को विद्युत महसुल र डिमाण्ड चार्ज खारेज गरी कृषि सिंचाइको सुविधास्वरुप सहुलियत महसुलको व्यवस्था गर्नु पर्नेमा पनि जोड दिए । चिया सरोकारवालाहरुको कुरा सुनिसकेपछि सांसद शर्माले कार्यक्रमकै वीचमा कृषि तथा पशुपंछी विकास मन्त्री रामनाथ अधिकारी र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्कालाई फोन गरी चिया क्षेत्रका समस्या सम्वोधन गर्न आग्रह गरे । उनले दुवै मन्त्रीलाई झापा भ्रमणमा आई सरोकारवालासंग छलफल गरी समस्या समाधानमा अघि बढ्न पनि आग्रह गरे ।

सांसद शर्माले चिया क्षेत्रका समस्यालाई आफूले नजिकबाट बुझेको हुँदा श्रमिक, किसान, उद्योगी तथा व्यवसायीका साझा समस्यालाई समाधान गर्न पहल गर्ने बताए । चिया क्षेत्रका सबैखाले समस्याको दीगो समाधानका लागि ऐन बनाउन पहल गर्ने, प्रदेश सरकारसंग समन्वय गर्ने समेत सांसद शर्माले बताए ।

चिया श्रमिक, किसान, उद्योगी तथा व्यवसायीका साझा समस्यालाई पहिचान गरी चार पृष्ठ लामो ध्यानाकर्षण पत्र सांसद शर्मालाई बुझाइएको हो ।

चिया उत्पादक कृष्णप्रसाद प्रसाईसहितका सरोकारवालाहरुले विभिन्न समस्या अवगत गराएका थिए । कार्यक्रममा कांग्रेस नेतृ गोमा भट्टराई, नेताहरु राम कट्टेल, इन्द्र बुढाथोकी, चिया समन्वय समितिका सदस्य तथा श्रमिक नेता दीपक तामाङ, नेपाल चिया उत्पादक संघ तथा चिया सहकारी तथा किसानका प्रतिनिधि, राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कर्मचारी, संवाद समूह सचिवालय तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# मौसमी फ्लुबाट बचौं

**जाडो मौसममा इन्फ्लुएन्जा अर्थात् मौसमी फ्लुले धेरै दुःख दिने गर्छ। यो इन्फ्लुएन्जा भाइरसका कारणले लाग्ने सङ्क्रामक रोग हो।**

**यो भाइरस जाडो महिना बढी सक्रिय हुने गरेको छ। फ्लु 'ए', 'बी','सी', 'डी' गरी चार प्रकारका हुन्छन्। फ्लु सबै उमेर समूहलाई हुने भए पनि दीर्घरोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता भएका बढी जोखिममा हुने गरेको छ। ज्वरो आउनु, टाउको दुख्नु, जिउ र मांसपेशी दुख्नु, खोकी लाग्नु र घाँटी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, थकान महसुस हुनु यसका प्रमुख लक्षण हुन्। फ्लु भएका सबैलाई ज्वरो नआउन पनि सक्छ। फ्लु भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस एक व्यक्तिबाट अर्कोमा सर्न सक्छ।**

**फ्लुलाई हेलचेक्राइँ गर्दा निमोनिया हुनसक्छ। फ्लु भएका अधिकांश व्यक्तिलाई औषधी आवश्यक नपर्न सक्छ। दीर्घरोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लुले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले यस्तो व्यक्तिलाई फ्लुको समस्या भएमा चिकित्सकको परामर्श लिनु पर्छ। यस्ता व्यक्तिलाई रोगबाट हुने जोखिमलाई कम गर्न यो विरुद्धको खोप लगाउन चिकित्सकको सुझाव छ। मौसम परिवर्तनसँगै हुने मौसमी फ्लु एक प्रकारको भाइरसको संक्रमणबाट हुने रुघाखोकी हो। प्रायःजसो इन्फ्लुएन्जा भाइरसको संक्रमबाट बिरामीहरूमा रुघाखोकीलगायत ज्वरो आउने, शरीर धेरै दुख्ने, आलस्य हुने, टाउको दुख्ने, आँखाको नानी दुख्ने, नाकबाट पानी बग्ने, हाच्छू आउने लक्षणहरू पनि देखिन्छन्।**

**यसरी मौसम परिवर्तनसँगै वातावरणीय तापमानको परिवर्तले मौसमी फ्लु लगाउने इन्फ्लुएन्जा भाइरस सक्रिय भई विभिन्न नयाँ प्रजातिको रुपमा प्रस्तुत हुने भएकोले मौसमी फ्लु यानिकी रुघाखोकीको समस्या धेरैमा देखिनु स्वाभाविक हो। किनकि यस्तो भाइरसका प्रजातिहरू एक मानिसबाट अर्को मानिसमा नजिक भएको अवस्थामा, भिडभाडमा अनि बिरामीसँगको बस्तुको सम्पर्कमा सहजै सर्नसक्छ।**

**यसरी मौसम परिवर्तनसँग हुने रुघाखोकीको समस्या आफै निको भएर जाने हुन्छ। सामान्यतया करिब ५–७ दिनमा नै यस्तो रुघाखोकीको लक्षणसहित हुने मौसमी फ्लु आफै निको भएर जान्छ।**

**हुन त एकपटक संक्रमण भएको भाइरसको विरुद्धमा शरीरले प्रतिरोधात्मक क्षमता त विकास गर्दछ तर भाइरसमा आनुवांशिक स्वरुप परिवर्तन गरी नयाँ रुपमा प्रस्तुत हुने क्षमता हुने भएकोले इन्फ्लुएन्जा भाइरस पनि हरेक मौसममा नयाँ रुपमा प्रस्तुत हुनसक्छ। फलस्वरुप बिरामीहरूमा हरेक पटक केही फरक लक्षण भने आउनसक्छ।**

# समाजप्रतिको जवाफदेहिता



•रामजी दाहाल

गरिब मुलुकको आर्थिक विकासको मुख्य बाधक 'भ्रष्टाचारको क्यान्सर' रहेको अमेरिकी राजनीतिशास्त्री फ्रान्सिस् योसिहिरो फुकुयामाले आफ्नो पुस्तक 'पोलिटिकल अर्डर एन्ड पोलिटिकल डिकेय' मा उल्लेख गरेका छन्। सन् २०१४ मा प्रकाशित सो पुस्तकमा फुकुयामाले भ्रष्टाचार रोकथाम र नियन्त्रणका लागि प्रभावकारी शासन जरुरी रहेको तर्क गरेका छन्।

राजनीतिशास्त्री फुकुयामाले पुस्तकमा औँल्याए जस्तै नागरिकलाई भ्रष्टाचार रोकथाम र नियन्त्रणका लागि आवश्यक प्रभावकारी शासनको अनुभूति दिलाउने प्रमुख दायित्व सरकारकै हुन्छ। त्यसमा पनि लोकतान्त्रिक शासन व्यवस्था भएका मुलुकका नागरिकले सरकारबाट प्रभावकारी शासनका पक्षमा बढी नै अपेक्षा गरेका हुन्छन्। नेपालको सन्दर्भमा कुरा गर्दा सरकारी अड्डामा दैनिक हुने घुस लेनदेन र आर्थिक अपचलनलगायतका भ्रष्टाचारका घटनाबाट सेवाग्राहीले हैरानी खेप्दै आएका छन्। अर्थात् हिजोआज सरकारी अड्डामा यस्ता घटना 'ओपन सेक्रेट' जस्तै भएका छन्। कुनै एउटा मात्र होइन, नागरिक दिनहुँ ठोकिने अन्य धेरै सरकारी अड्डाका कर्मचारी तहबाट सुरु भएको भ्रष्टाचारको संस्कृतिलाई राजनीतिक नेतृत्व र उच्च पदस्थ अधिकारीले सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने अथवा राष्ट्रिय स्रोतको दोहन गरेर त्यसमा मलजल गरेका छन्।

समाजमा स्वार्थी समूह हाबी हुन थालेपछि नै 'लुटतन्त्र' ले जरो गाड्न थाल्छ। विगत लामो समयदेखि नेता-व्यापारीबिच झाँगिँदै गएको स्वार्थ-सम्बन्धको जालोले सरकारका निर्णय प्रक्रियालाई नै प्रभावित बनाउँदै आएको छ। नीति र कानुन बनाउने थलोसमेत स्वार्थ समूहका लागि गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने हतियार बन्न पुगेको आरोप लाग्दै आएको छ। यसले दण्डहीनताको संस्कृतिलाई मलजल पुऱ्याएको छ। यस हिसाबले हेर्दा सरकारी अड्डाहरूमा हुने घुस लेनदेन र आर्थिक अपचलनलगायतका भ्रष्टाचारका घटनाभन्दा यो कैयौं गुणा बढी खतरनाक हुने गर्छ। किनभने यसले व्यक्ति मात्र नभएर सिङ्गो प्रणालीलाई नै 'भ्रष्टतन्त्र' बनाउन सहयोगीको भूमिका खेलेको हुन्छ। सरकार र कानुन निर्माण गर्ने थलो आमनागरिकका पक्षमा बनाउन सबैको साथ र सहयोग अपेक्षित छ।

कुनै पनि व्यक्तिले आफ्नो पदीय मर्यादा विपरीत गर्ने सबै किसिमका गैरकानुनी र अनैतिक क्रियाकलाप नै भ्रष्टाचार हो। जहाँ त्यस्ता व्यक्ति वा पदाधिकारीले नियम, कानुन मिचेर वा त्यसको गलत अर्थ लगाएर वा डर, त्रास वा प्रलोभनमा पारेर आयआर्जन गर्ने काम गरेका हुन्छन्। यति मात्र होइन, सार्वजनिक पदमा रहेका पदाधिकारीले आफूमा रहेको शक्ति र अधिकार व्यक्तिगत हित वा फाइदा पुऱ्याउनका लागि प्रयोग गर्नुलाई पनि भ्रष्टाचार भनिन्छ। ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार सार्वजनिक क्षेत्रमा चाहे त्यो राजनीतिक वा प्रशासनिक होस् उनीहरूलाई गरिएको विश्वास वा सुम्पिएको कार्यको गलत र गैरन्यायिक प्रयोग नै भ्रष्टाचार हो।

कुनै पनि समाजका लागि भ्रष्टाचार भनेको एउटा महारोग हो, जुन आर्थिक एवं सामाजिक विकासको निर्धारित उद्देश्य प्राप्तिमा सधैँ बाधक बनेको हुन्छ। बाधक यस अर्थमा कि स्रोतसाधनको प्रवाहमा उत्पादनशील क्षेत्रमा नभई राज्यका निकायमा बसेर काम गर्ने सीमित व्यक्ति वा समूहको हालीमुहाली हुन्छ। जहाँ निजी स्वार्थका लागि सार्वजनिक स्रोतको दोहन गरिएको हुन्छ। त्यस्तो काम राजनीतिक संरक्षणबिना सम्भव छ र? राजनीतिक संरक्षणप्राप्त त्यस्तो अनियमितता र भ्रष्टाचारले सिङ्गो राजनीतिक शासन प्रणालीलाई धरासायी बनाइदिन्छ।

सिङ्गो राज्य प्रणालीलाई भ्रष्ट बनाएर त्यसैबाट राजनीति चलाउनु 'भ्रष्टतन्त्र' हो। यस्तो काम राज्यका सबै संयन्त्र र निकायको मिलोमतोबिना सम्भव हुँदैन। यसो हुँदा समाजमा कोही कसैप्रति जवाफदेही हुनु नपर्ने जस्तो भएको छ। यस्तो व्यवस्था भएको मुलुकमा लोकतान्त्रिक मूल्य, मान्यताको सधैँ अवमूल्यन हुन्छ। जसले गर्दा त्यस्ता मुलुकमा सधैँ राजनीतिक अस्थिरता भइरहन्छ। संस्कृतिका रूपमा हुर्कँदै गएको 'भ्रष्टतन्त्र' ले सिङ्गो समाजलाई फुकुयामाले भने जस्तै क्यान्सरका रूपमा गाँजेको छ।

राजधानीमा हालै आयोजित एक कार्यक्रमका सहभागीले 'भ्रष्टतन्त्र' बारे चिन्ता व्यक्त गर्दै नागरिक समाजलाई त्यस विषयमा गम्भीर हुन आग्रह गरियो। विशेष अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्कीले हिजोका दिनमा कुनै निश्चित सरकारी अड्डामा हुने आर्थिक लेनदेन पछिल्लो समय धेरै सरकारी अड्डामा पुगेर त्यसले एउटा संस्कारको रूप लिएको भन्दै समयमै उपचार नगरेमा समाजका लागि यो प्रवृत्ति घातक हुने तर्क गर्नुभयो।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश ईश्वर खतिवडाले भ्रष्टतन्त्रको जग थाहा पाएर पनि समाजका सबै क्षेत्र मौन बस्नु आश्चर्यजनक विषय भएको उल्लेख गर्नुभयो। खतिवडाले मन्त्रीपरिषद्का नीतिगत निर्णयमा प्रश्न गर्न पाइने छैन भनेर भ्रष्टाचार गर्न छुट दिइएको भन्नुभयो। उहाँले त्यसलाई कानुनी दायरामा ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो। हुन पनि नीतिगत निर्णय भ्रष्टाचारमा पर्दैन भनेर शासकले आफूलाई भिन्न वर्गको रूपमा स्थापित गर्न २०४९ सालमा यस्तो कानुन बनाएका थिए। त्यसो त यसमा केही व्यावहारिक पक्ष पनि जोडिएको कतिपयको भनाइ छ। जस्तो २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनालगत्तै राजनीतिक दलका नेतामा बहुदलीय शासन व्यवस्था भए पनि पञ्चायत्कालीन संयन्त्रबाटै काम लिनुपर्ने अवस्था र बाध्यता दुवै थियो। पञ्चायतकालीन राज्य संयन्त्रले आफूलाई केही गर्ला कि भनेर आफ्नो कुर्सी सुरक्षित राख्नु पर्छ भन्ने मनोविज्ञानका कारण दलका नेताले त्यस्तो कानुन बनाएको कतिपय विश्लेषकको भनाइ रहेको पाइन्छ। राजनीतिक दलका नेताले त्यतिबेला गरेको आशङ्का मानौँ केही हदसम्म सत्यको नजिक पनि थियो रे। आजका दिनमा पनि त राज्य संयन्त्रमा पञ्चायतकालीन कुनै गन्ध पाइँदैन। त्यसो हो भने मन्त्रीपरिषद्का नीतिगत निर्णयमा प्रश्न गर्न पाइने छैन भनेर आजपर्यन्त राख्नुपर्ने आवश्यकता किन भयो त?

दलका नेतामा व्याप्त मानसिकता हेर्दा यहाँनिर चर्चित बेलायती साहित्यकार जर्ज अरवेलको उपन्यास एनिमल फार्मका केही हरफको चर्चा गर्नु उपयुक्त हुन जान्छ। सबै जनावर बराबर छन् तर केही जनावर अरूभन्दा बढी बराबर छन् (अल एनिमल्स आर इक्वल, बट सम एनिमल्स आर मोर इक्वल द्यान अदर्स)। जुन उपन्यासमा अरवेलले सोभियत संघ, साम्यवादी कम्युनिस्टको द्वैध चरित्र र तत्कालीन शासक जोसेफ स्टालिनमाथि कडा व्यंग्य गरेका छन्। रुसमा सन् १९१७ को 'अक्टोबर क्रान्ति' पछिको कम्युनिस्ट सत्ता स्थापनाको एक सय आठ वर्षपछि पनि यही आख्यानकै कथावस्तुलाई नेपालका राजनीतिक दलका नेताले गुरुमन्त्र मान्दै आएका छन्। अर्थात् दलका नेताले दिएको प्रस्ट सन्देश हो, लोकतान्त्रिक शासन व्यवस्थामा समानताका जतिसुकै कुरा गरे पनि तिमीभन्दा हामी पृथक् छौँ, कानुनी रूपमै माथि छौँ।

# निर्वाचन प्रणाली सुधार्न संशोधन



• यज्ञप्रसाद भट्टराई

नेपालमा निर्वाचन प्रणाली परिवर्तनका लागि नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) बिच भएको सातबुँदे सहमतिमा राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूल कानुन निर्माण गर्ने उल्लेख भएको पाइन्छ। सर्वोच्च अदालतले पनि संविधान र समानुपातिकको सिद्धान्तविपरीत तरमारा वर्ग हाबी भएको ठहर गर्दै निर्वाचन प्रणाली परिमार्जन गर्न निर्देशनात्मक आदेश दिएको छ। नेपाल बार एसोसिएसनले पनि संविधान संशोधन गर्नुपर्ने विषय सार्वजनिक गरिसकेको छ। राष्ट्रिय नीति अनुसन्धान प्रतिष्ठानले गरेको अध्ययनमा समेत निर्वाचन प्रणालीमा सुधारका लागि संविधान संशोधन हुनुपर्ने विषय उठान गरेको छ। विभिन्न मत वा विचार विभिन्न बुद्धिजीवी वा निर्वाचन सरोकारवालाबाट आइरहेका छन्। आवधिक निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो। निर्वाचन प्रणालीले मुलुकको शासन व्यवस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर गरिरहेको हुन्छ। निर्वाचन प्रणालीका विषय संविधानमा समावेश गरिएका हुन्छन्। संविधान परिवर्तनशील दस्तावेज हो। मुलुकको आवश्यकता र जनताको चाहना अनुकूल हुने गरी संविधान संशोधन गरेर निर्वाचन प्रणालीमा सुधार गर्नु जरुरी हुन्छ।

जनप्रतिनिधिको संख्या कम गर्ने नेपाल जस्तो सानो देशमा संघीय र प्रदेश तहमा ८८४ जना सांसद र ७५३ पालिकाका ३५,२२१ जनप्रतिनिधि निर्वाचित हुने व्यवस्था छ। त्यसै गरी जिल्ला समन्वय समितिमा समेत जनप्रतिनिधि निर्वाचित हुने व्यवस्था छ। करिब तीन करोड जनसंख्या भएको मुलुकमा यति ठुलो संख्यामा जनप्रतिनिधि आवश्यक पर्ने हो वा होइन पुनर्विचार गर्नुपर्ने छ। अहिलेको जनप्रतिनिधिको संख्या ठुलो आकारको भएको भन्ने प्रश्न पनि उठेको छ। जनप्रतिनिधिको संख्या घटाउँदा शासन व्यवस्था चुस्त हुने र मुलुकको साधारण खर्चसमेत कम हुने हुन्छ। यस्तो कार्य मुलुक र जनताको हितमा नै हुन्छ। यसर्थ संविधान संशोधन गरेर जनप्रतिनिधिको संख्या घटाउनु आवश्यक छ।

**समानुपातिक निर्वाचन प्रणालीमा सुधार गर्ने**

असमानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रतिनिधि सभातर्फ ११० र प्रदेश सभातर्फ २२० जना सांसदको चयन संविधानको मर्म र भावना अनुकूल भएको देखिँदैन। सर्वोच्च अदालतले "समावेशिताको अर्थ नै समाजका अगुवाद्वारा निर्वाचित निकाय कब्जा (एलिट क्याप्चर) लाई रोक्नु रहेको समेत सन्दर्भमा उल्लिखित वर्गमा परे पनि आर्थिक रूपले सम्पन्न, उच्च शिक्षा हासिल गरेका, पटक पटक मन्त्री/सांसद भइसकेका, उच्च आर्थिक र सामाजिक हैसियत बनाएका सो वर्गका माथिल्लो तह (क्रिमी लेयर) मा रहेका व्यक्ति नै राज्यका निर्वाचित निकायमा पुग्दा समावेशी राज्य संरचनाको स्थापना गर्ने संविधानको प्रमुख उद्देश्य नै परास्त हुन जाने सम्भावना रहन्छ" भनी फैसलामा बोलेको छ। अहिले प्रयोग भइरहेको अवस्थामा समानुपातिक निर्वाचन प्रणालीको सुधार गर्नुको विकल्प देखिँदैन। राष्ट्रिय सभालाई पूर्ण समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचन हुने व्यवस्था गर्ने र प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमार्फत निर्वाचन हुने व्यवस्था गरी दलहरूले समावेशी आधारमा उम्मेदवार छनोट गर्ने बाध्यकारी व्यवस्था गर्नु आवश्यक छ।

उपराष्ट्रपति राष्ट्रिय सभाको अध्यक्ष रहने व्यवस्था गर्ने संवैधानिक व्यवस्था अनुसार उपराष्ट्रपतिको काम राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट सम्पादन गरिने कार्य गर्ने हो। राष्ट्रपतिको अनुपस्थिति कहिलेकाहीँ विदेश भ्रमणमा गएको अवस्थामा क्षणिक समयका लागि मात्र हुने हो। यसका लागि मात्र यस्तो प्रकारको बोझिलो संरचना राखिराख्नु राष्ट्र र जनताको हितमा देखिँदैन। तसर्थ राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिले गर्ने कार्य राष्ट्रिय सभाको अध्यक्षले गर्ने गरी संविधानको संशोधन हुनु आवश्यक छ।

**मन्त्री विज्ञबाट नियुक्त हुने व्यवस्था**

अहिलेको संवैधानिक प्रावधान अनुसार मन्त्री संघीय संसद्का सदस्यमध्येबाट बढीमा २५ जना रहने व्यवस्था छ। संघीय संसद् मन्त्री हुने व्यवस्था रहँदा यसका अनेक विकृति देखिएका छन्। धेरै जसो मुलुकमा विज्ञहरू मन्त्रीमा नियुक्त हुने व्यवस्था छ। एउटै व्यक्ति कार्यपालिकामा पनि रहने र व्यवस्थापिकाको पनि सदस्य रहने व्यवस्थाले गर्दा शक्ति पृथकीकरणको सिद्धान्तसँग पनि मेल खाँदैन। यसर्थ संविधान संशोधन गरेर संसद्भन्दा बाहिरका विज्ञ व्यक्ति मन्त्रीमा नियुक्त हुने व्यवस्था गर्नु आवश्यक छ।

**प्रधानमन्त्री प्रत्यक्ष चुन्ने प्रणाली**

हामीले अहिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अवलम्बन गरेका छौं। त्यसै गरी नेपालले बेलायती मोडेलको संसदीय शासन प्रणाली अवलम्बन गरेको छ। संसद्ले प्रधानमन्त्री निर्वाचित गर्ने र कार्यकारी अधिकार प्रधानमन्त्रीमा निहित हुने व्यवस्था छ। यस प्रकारको हाम्रो प्रधानमन्त्री निर्वाचित गर्ने प्रणालीमा विगतदेखि नै अर्थात् २०४६ सालपछि शासकीय स्थिरता देखिएको छैन। प्रधानमन्त्री पटक पटक फेरबदल भइरहने एवं सरकार परिवर्तन भइरहने अवस्थाले गर्दा धेरै विकृति मौलाएको छ। सरकारले पूर्ण कार्यकाल व्यतीत गर्न पाएको देखिँदैन। निर्वाचित जनप्रतिनिधिलाई मन्त्री बनाउँदा सरकारको कार्य प्रभावकारी नभएको आवाज पनि उठेका छन्।

**स्थानीय तहको निर्वाचन गैरदलीय रूपमा हुने व्यवस्था गर्ने**

स्थानीय तह जनताले सेवा पाउने जनताको सबभन्दा नजिकको तह हो। जनताका हरेक आधारभूत प्रकृतिका कामकारबाही स्थानीय तहमार्फत हुने गर्छ। स्थानीय तह सेवा प्रवाह गर्ने निकाय हो। स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि दलीय आधारमा निर्वाचित हुँदा सेवा प्रवाहमा समानका बिचमा असमान व्यवहार हुने जोखिम बढ्ने अवस्था विद्यमान देखिन्छ। अवसर र पँहुचको वितरण दलीय आस्थाका आधारमा हुन सक्ने सम्भावना रहन्छ। स्थानीय तहको निर्वाचन दलीय प्रकृतिको हुने हुँदा विकास निर्माण प्रभावकारी नभएको तथा स्रोतको समन्यायिक वितरण हुन नसकेको जस्ता आवाज पनि उठेका छन्। यसर्थ स्थानीय तहको सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष र परिणाममुखी बनाउन पनि स्थानीय तहको निर्वाचन गैरदलीय रूपमा गर्ने व्यवस्था हुन संविधानको संशोधन आवश्यक छ।

जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था खारेज गर्ने नेपालको संविधानले संघीय गणतान्त्रिक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ। यसको मूलमर्म विपरीत संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ। यो संरचना राज्यका लागि बोझ बनिरहेको छ। यसले गर्ने काम प्रभावकारी र परिणाममुखी देखिएको छैन। तसर्थ यो व्यवस्थालाई संविधान संशोधन गरेर खारेज गर्नु आवश्यक छ।

निर्वाचन अदालतको व्यवस्था गर्ने नेपालको संविधानको धारा १३७ को उपधारा (२) को खण्ड (ख)मा संघीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र संघीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको अयोग्यतासम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा संवैधानिक इजलासले गर्ने व्यवस्था छ। यस्ता प्रकारका मुद्दाको कारबाही र किनारामा असाध्यै ढिलासुस्ती हुने गरेको अवस्था छ। संघीय संसद् वा प्रदेश सभाको एक कार्यकाल सकिँदासमेत त्यो अवधिमा परेका मुद्दाको फैसला हुन सकेको देखिँदैन। यसर्थ उक्त धारामा संशोधन गरेर यस्ता विवाद हेर्न छुट्टै प्रकृतिको विशिष्टीकृत निर्वाचनसम्बन्धी अदालत स्थापना गर्नु आवश्यक छ। यस अदालतले सबै तहका र प्रकारका निर्वाचनको मुद्दा हेर्ने गरी क्षेत्राधिकारको व्यवस्था हुनु पर्छ।

**उम्मेदवार हुन पाउने उमेरको हदमा पुनरावलोकन गर्ने**

नेपालको संविधानमा प्रतिनिधि सभाको सदस्य हुन २५ वर्ष, राष्ट्रिय सभाका लागि ३५ वर्ष, प्रदेश सभाका लागि २५ वर्ष र गाउँपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख, वडा अध्यक्ष र सदस्य हुन २१ वर्ष उमेर पुगेको हुनुपर्ने व्यवस्था छ। दक्षिण कोरियामा हेर्ने हो भने १८ वर्ष पुगेका कोरियन नागरिकले मत दिन पाउने व्यवस्था रहनुका साथै १८ वर्ष पुगेको कोरियन नागरिक नेसनल एसेम्बलीको निर्वाचनमा उम्मेदवार हुन योग्य हुने व्यवस्था छ। नेपालमा पनि युवा पुस्तालाई राजनीतिमा आकर्षित गर्नका लागि पनि संविधान संशोधन गरेर प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहमा उम्मेदवार हुन १८ वर्ष पुगेपश्चात् योग्य हुने व्यवस्था गर्नु आवाश्यक छ।

**उम्मेदवार छनोट गर्न प्राथमिक निर्वाचन**

नेपालको संविधानको भाग १९ मा राजनीतिक दलसम्बन्धी व्यवस्था छ। दल दर्ताका लागि विभिन्न सर्तको व्यवस्था गरिएको छ। त्यसैगरी राजनीतिक दलका रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनुपर्ने संवैधानिक प्रावधान छ। हाम्रो देशमा राजनीतिक दलको उम्मेदवार छनोट प्रक्रिया अपारदर्शी छ। अनेक चलखेल र विकृति उम्मेदवार छनोटबाटै सुरु भएको हुन्छ र त्यसको असर शासन व्यवस्थामा परेको पाइन्छ। तसर्थ राजनीतिक दलले निर्वाचनका लागि उम्मेदवार छनोट गर्दा प्राथमिक निर्वाचन गरेर मात्र गर्नुपर्ने व्यवस्था संविधानमा नै राख्नु आवाश्यक छ। साथै निर्वाचनपूर्व गठबन्धन गर्न नपाउने व्यवस्थासमेत संविधानमा राखी निर्वाचनपूर्वको गठबन्धनलाई निरुत्साहित गर्नु आवाश्यक छ।

अतः निर्वाचन प्रणालीमा सुधार भनेको अहिले प्रयोग भइरहेको व्यवस्थाभन्दा अझ बढी समावेशी चरित्रको, स्वच्छ र पारदर्शी निर्वाचन प्रणालीको निर्माण र कार्यान्वयन गर्नु नै हो। तसर्थ, अझ बढी समावेशी चरित्रको, चुस्त र प्रभावकारी निर्वाचन परिणाम हासिल गर्न सकिने गरी मौजुदा प्रणालीलाई सरल बनाउन एवं शासन व्यवस्थालाई चुस्त र जनमुखी बनाउन हाम्रो निर्वाचन प्रणालीमा संवैधानिक, कानुनी र प्रक्रियागत सुधार हुनु आवश्यक छ। प्रणाली आफैँमा असल र खराब हुँदैन। प्रणाली चलाउने वा सञ्चालन गर्ने भनेको दल र दलका नेताले नै हो। तसर्थ दल र नेताको संस्कार, कार्यशैली र चिन्तनमा रूपान्तरण नभएसम्म संविधान एवं कानुन परिवर्तन गर्दैमा त्यसको मर्म र उद्देश्य पूरा हुन सक्ने अवस्था हुँदैन।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# साधुटारको अतिरुद्र महायागका लागि सहयोग

झापा(प्रस)।जगतगुरु श्रीरामानन्दचार्य सेवापीठ बराहक्षेत्र १ चतराधामका जगतगुरु श्रीरामानन्दचार्य स्वामी रामकृष्णाचार्य महायोगी सिद्धबाबाले झापाको अर्जुनधारा १ मा रहेको शंकराचार्य पीठ साधुटारमा आयोजना हुने सर्वकल्याण अभिषेकात्मक अतिरूद्र महायाग सफलताको शुभकामना व्यक्त गरेका छन् ।

शंकराचार्य पीठको अवलोकनपछि महायोगी सिद्धबाबाले महायाग सम्पन्न गर्न सबै देशबासी लाग्नु पर्ने धारणा राख्दै आफ्नो तर्फबाट ५१ हजार रुपैयाँ सहयोग प्रदान गरे ।

महायाग पूर्वकै सान भएकाले यसलाई सबै मिलेर सफल बनाउनु पर्ने धारणा राखे ।

यसैबीच नेकपा एमाले बिर्तामोड नगर अध्यक्ष सुवास भट्टराईले महायाग सम्पन्न गर्न सबैले सहयोग गर्नु पर्ने बताउँदै ५१ हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरेका छन् ।

उनले आफूनिकट संघ संस्थासहित स्थानीय, प्रदेश र संघीय सरकारको तर्फबाट समेत सहयोग जुटाउनका लागि पहल गर्ने बताए ।

'सर्वकल्याण अभिषेकात्मक अतिरुद्र महायाग'का विषयमा जानकारी पीठका आचार्य खतिवडाले



जगतगुरु श्रीरामानन्दचार्य सेवापीठ बराहक्षेत्र १ चतराधामका अध्यक्ष बाबुराजा ओझाले ५१ हजार रुपैयाँ बराबरको चेक शंकराचार्य पीठ साधुटारका आचार्य प. लक्ष्मीप्रसाद खतिवडालाई हस्तान्तरण गरेका हुन् ।

महायोगी सिद्धबाबाले अतिरुद्र महायाग ठूलो महायज्ञ भएकाले त्यसको अपनत्व झापावासीले लिनु पर्ने बताए । महायाग सम्पन्न गर्न आफूले चिनजानेका सम्पूर्ण पीठसहित सन्त तथा भक्तजनलाई सहयोग पुऱ्याइदिन आग्रह गर्ने बताउँदै महायोगी सिद्धबाबाले

आगामी माघ १ देखि ११ गतेसम्म महायाग हुने र त्यसको तयारी तीव्र पारिएको बताए । उनले महायाग सम्पन्न गर्न दुई करोड रुपैयाँ लाग्ने अनुमान गरिएको बताए ।

दाताको सहयोगमा सम्पन्न गर्ने महायागका लागि अहिले रकम संकलन गर्ने र प्रचार प्रसारको काम अघि बढाइएको उनको भनाई छ ।

पुष २९ गते पूर्णिमाका दिन साधुटारबाट कनकाई माई पुगेर जल लिएर भब्य रुपमा कलशयात्रा गर्ने योजना रहेको खतिवडाको भनाई छ ।

विश्वशान्तिको कामना सहित महायागको तयारी गरिएको पीठका अध्यक्षसमेत रहेका खतिवडाले बताए ।

अध्यक्ष खतिवडाका अनुसार अभिषेकात्मक अतिरुद्र महायाग भनेको एक पटक रुद्री पढेर गर्नुलाई रुद्र, ११ पटक रुद्री पढेर अभिषेक गर्नुलाई रुद्री, १२१ पटक रुद्री पढेर अभिषेक गर्नुलाई लघुरुद्री, १,३३१ पटक रुद्री पढेर अभिषेक गर्नुलाई महारुद्री र १४,६४१ पटक रुद्री पढेर अभिषेक गर्नुलाई अतिरुद्री भनिन्छ ।

१५१ जना उपाध्याय ब्राह्मण पण्डितले महायागमा वरण गर्ने अध्यक्ष खतिवडाले बताए ।

महायागबाट रहेको यज्ञशेष गुरुकूलको दीर्घकालीन संरक्षण गर्ने उद्देश्यले सञ्चालित ११ करोडको अक्षयकोष स्थापना महाअभियानमा सुरक्षितसमेत गरिने अध्यक्ष खतिवडाले बताएका छन् ।

महायागमा अभिषेक, पाठ, हवन बिहान ८ बजेबाट शुरु भएर १२ बजेसम्म हुनेछ भने १ बजेबाट प्रवचन हुने बताइएको छ । श्री शङ्कराचार्यपीठमा श्री बेद बेदाङ्ग संस्कृत पाठशाला पनि सञ्चालनमा रहेको छ ।

पत्रकार सम्मेलनअघि अतिरुद्र अभिषेकात्मक महायाग' स्थलको उद्घाटन गरिएको थियो । महायाग गर्ने स्थलमा पूजापाठपछि सुनको फाली भएको हलोसहित गोरुले तीन फन्का जोतेर महायाग स्थलको शुभारम्भ गरिएको थियो ।

२०३३ सालमा स्थानीय केदारनाथ खतिवडाको अगुवाईमा सामाजिक सद्भाव र प्रेरणाबाट आर्य गुरुकुलीय आचारसंहिता अनुरुप सञ्चालन हुनेगरी संस्कृत पाठशालाको प्रारम्भ भएको थियो ।

## विराट एक्स्पो माघ ११ देखि आयोजना गरिँदै




झापा(प्रस) । विराटनगरमा आयोजना हुने विराट एक्स्पोको आठौं संस्करण माघ ११ गतेबाट सुरु हुने भएको छ। उद्योग संगठन मोरङले आयोजना गर्ने औद्योगिक एवं व्यापारिक महोत्सव १० दिनसम्म चल्ने छ। एक्स्पो विराटनगरस्थित डिग्री कलेजको मैदानमा आयोजना गरिने उद्योग संगठन मोरङले जनाएको छ।

संगठनले सोमबार पत्रकार सम्मेलन गरेर एक्स्पोको तयारी थालिएको जानकारी दिएको छ। 'डिजिटल कोशी बिल्डिङ इनोभेशन एण्ड इन्भेष्टमेन्ट' नाराका साथ सञ्चालन हुने एक्स्पोमा २ सय ६८ वटा स्टलहरु रहनेछन्। एक्स्पोमा ९ पेभिलियनमा विराट बजार बिटुबीको १२ वटा, स्टार्टअप भिजन कोशी ह्याकाथुनको १२ वटा, रोजगार कोशीका लागि १२ वटा, व्यावसायिक सेवा प्रदायकको ४० वटा, अटोमोवाइल्सका २० वटा, औद्योगिक क्षेत्रका ७५ वटा, औद्योगिक, कर्पोरेट र कृषिका ७५ वटा स्टल रहनेछन्। एक्स्पोमा रोजगारीका लागि तालिम पनि दिने

❖ बाँकी अन्तिम पृष्ठमा

# सिम्रिक साकोसद्वारा श्रृंगार तालिम

बिर्तामोड(प्रस) झापाको बिर्तामोड ४ मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा मोरङको कानेपोखरीमा पाँच दिने आधारभूत श्रृंगार तालिम सुरु भएको छ । संस्थाको शिक्षा उपसमितिको आयोजनामा मोरङ जिल्लाअन्तर्गतका सेवाकेन्द्रहरुका शेयर सदस्यलाई लक्षित गरेर तालिम आयोजना गरिएको संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले जानकारी दिए । संस्थामा आबद्ध महिला शेयर सदस्यलाई आत्मनिर्भर बनाउँदै उद्यममा जोड्न यस्ता किसिमका तालिम संस्थाले आयोजना गर्दै आइरहेको कार्यकारी प्रमुख बस्नेतको भनाई छ ।



उनले पुँजी अभावकै कारण हातमा सिप भएर पनि व्यवसाय सञ्चालनमा समस्या भोग्दै आएका शेयर सदस्यलाई संस्थाले लगानी गर्ने बताए । तसर्थ पनि तालिम सही तबरले इच्छाशक्ति लगाएर लिन सहभागीलाई आग्रह गरे ।तालिममा मोरङ जिल्ला सेवाकेन्द्रहरुबाट ३४ जना महिला शेयर सदस्यहरु सहभागी छन् । सहभागीलाई जानुकादेवी प्रधान र हृदयकुमारी संग्रौलाले प्रशिक्षण दिँदै छन् । यसअघि पनि संस्थाको शिक्षा उपसमितिको आयोजनामा इलामको नेपालटारमा इलाम जिल्लाअन्तर्गतका शेयर सदस्यहरुलाई श्रृंगार तालिम प्रदान गरिएको संस्थाका अध्यक्ष सुवास भट्टराईले जानकारी दिए ।

त्यसैगरी संस्थाले यसअघि खुदुनाबारीमा कपुरधुप बात्ती निर्माण तालिम सम्पन्न गरिसकेको संस्थाका शिक्षा उपसमिति संयोजक मेहरमान बिष्टले बताए ।

शिक्षा उपसमितिका सदस्य बद्री प्याकुरेलले सञ्चालन गरेको कार्यक्रमको औचित्यमाथि कार्यकारी प्रमुख बस्नेतले प्रकाश पारेका थिए ।

झापा, मोरङ, इलाम र पाँचथर गरी ४ जिल्ला कार्यक्षेत्र रहेको सिम्रिक साकोसको ३ अर्ब २१ करोड माथिको वासलात छ भने ४६ वटा सेवाकेन्द्रहरु मार्फत शेयरसदस्यहरुलाई सेवा सुविधा दिईरहेको संस्थाले जनाएको छ । वित्तीय कारोबारसंगै संस्थाले कृषि, शिक्षा, स्वास्थ्यसहित सामाजिक क्षेत्रमा काम गर्दै आएको संस्थाका आइटी सहायक बिजय पाण्डेले जानकारी दिए ।

# झापा उद्योग संघद्वारा न्यानो कपडा वितरण

झापा । झापाली उद्योगीहरुको छाता संस्था झापा उद्योग संघले जिल्लाको सदूरदक्षिणी कचनकवल गाउँपालिकाको एक सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई स्वीटर वितरण गरेको छ ।

संघले सोमबार सुदूर-दक्षिणी कचनकवल-४ स्थित शारदा



प्राथमिक विद्यालयमा अध्ययनरत १८० विद्यार्थीलाई स्वीटर वितरण गरेको हो ।

विद्यालय परिसरमा संघका अध्यक्ष यमबहादुर श्रेष्ठको अध्यक्षतामा आयोजित संक्षिप्त समारोहका बीच प्रमुख अतिथि कोशी प्रदेश सरकारका पूर्व भूमि व्यवस्था तथा सहकारी मन्त्री ओमप्रकाश सरावगी, नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका निवर्तमान अध्यक्ष एवम् झापा उद्योग संघका पूर्व अध्यक्ष टिकाराज ढकाल, संघका सचिव प्रदीपमणि रेग्मी, कचनकवल गाउँपालिका वडा नं ४ का वडा सदस्य सन्तोष गणेश, प्रादेशिक अस्पताल भद्रपुर विकास समितिका सदस्य गीताकुमार भट्टराई, नेपाल रेडक्रस सोसाइटी कचनकवल उपशाखाका सभापति हारुल रसिद मिया, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मरगुब आलम, समाजसेवी जब्बरसिंह राजवंशी, उमाशंकर गणेशलगायतले विद्यार्थीलाई स्वीटर वितरण गरेका थिए ।

चिसो मौसममा पनि स्वीटर नलगाई विद्यालय आएका विद्यार्थीहरु दाताबाट स्वीटर पाउँदा निकै खुशी देखिन्थे । कक्षा ५ सम्म अध्ययन-अध्यापन हुने सो विद्यालयमा स्थानीय आदिवासी तथा मुस्लिम समुदायका अति विपन्न परिवारका बालबालिका अध्ययन गर्न आउने प्रधानाध्यापक गणेशले जानकारी दिए । उनले आफ्नो विद्यालयमा पहिलो पटक यसरी दाताहरु आएको उल्लेख गर्दै जाडो बढ्दै गएको परिप्रेक्ष्यमा विद्यार्थीलाई स्वीटर वितरणले उनीहरुको परिवारलाई पनि ठूलो टेवा पुगेको बताए ।

केही दिनअघि जिल्ला प्रशासन कार्यालयमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसेको बेला प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला र नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले अब शीतलहरसँगै चिसो बढ्ने संभावना रहेकोले पूर्व तयारीका लागि के गर्न सकिन्छ ? भन्ने आग्रह गरेपछि बालबालिकाको स्वास्थ्य संवेदनशीलतालाई समेत मनन गरी संघले सामाजिक उत्तरदायित्वअन्तर्गत अति विपन्न परिवारका छोराछोरी पढ्ने अति कमजोर विद्यालय छनोट गरेर न्यानो कपडा वितरण गरिएको संघका अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा प्रमुख अतिथि अग्रवालले स्वीटर वितरणका लागि उपयुक्त विद्यालय छनोट भएको बताउँदै बालबालिकाको शिक्षा, स्वास्थ्य र पोशाकको व्यवस्था राज्यले नै गर्नुपर्ने बताए ।

त्यस्तै, नेपाल उद्योग वाणिज्य महासंघ कोशीका निवर्तमान अध्यक्ष ढकालले विपन्न परिवारका बालबालिकाको शिक्षा-दीक्षाको ग्यारेन्टी सरकारले लिनुपर्ने बताउँदै तर, राज्य त्यो सम्पूर्ण दायित्वबाट विमूख भइरहेकोले निजी क्षेत्रले सहयोग पुर्‍याउँदै आएको उल्लेख गरे ।

वडा सदस्य सन्तोष गणेशले कचनकवलको वडा नं ४ निकै पिछडिएको क्षेत्र भएकोले यस क्षेत्रमा राज्यका अन्य संयन्त्र र निजी तथा सामाजिक क्षेत्रका संघ-संस्थाले पनि सहयोगका कार्यक्रम सञ्चालन गरिरहनुपर्ने आवश्यकता रहेको उल्लेख गरे । विद्यालयका शिक्षक हेमकुमार गणेशले सञ्चालन गरेको कार्यक्रममा प्रधानाध्यापक रामप्रसाद गणेशले स्वागत गरेका थिए ।

# लागूऔषधसहित दमकका एक युवक पक्राउ

झापा(प्रस)। प्रतिबन्धित लागूऔषधसहित दमकका एक युवक पक्राउ पक्राउ परेका छन् ।

आइतवार साँझ ५ बजे दमक पूर्व बसपार्कमा प्रहरी टोलीले शंकास्पद अबस्थामा हिडिरहेका दमक ८ बस्ने २२ वर्षीय नरेश खड्कालाई चेकजाँच गरेको थियो । त्यसक्रममा उनको साथबाट स्पास्पेन २९० ट्याब्लेट, ट्रामानिल २९० क्याप्सुल बरामद भएको थियो । उनलाई इलाका प्रहरी कार्यालय दमक ल्याई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# व्यवसायी राहत कोषमा विन्दलले गरे सहयोग



बिर्तामोड(प्रस) । नेपाल अलैंची व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष तथा बिर्तामोडका सफल व्यवसायी इन्द्रचन्द्र विन्दलले आफ्नो जन्मदिन बिर्तामोड उद्योग वाणिज्य संघमा मनाएका छन् ।

बालाजी इन्टरनेशनलका सञ्चालकसमेत रहेका विन्दलले बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको ' व्यवसायी राहत कोष'मा २१ हजार रुपैयाँ प्रदान गर्दै आफ्नो जन्मदिन मनाएका हुन् ।

संघले एक करोड रुपैयाँ बरावरको अक्षयकोष व्यवसायीका लागि स्थापना गरेको छ । आपत विपद् मा परेका व्यवसायीलाई सहयोग पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले संघले कोष स्थापना गरेको र संघको कार्य सह्रानीय भएको भन्दै विन्दलले जन्मोत्सवको अवसरमा सहयोग गरेको बताए ।

विन्दलले बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई सो रकम हस्तान्तरण गरेका थिए । सो अवसरमा संघले विन्दललाई कदरपत्रसहित सम्मान गरेको छ ।

बिर्तामोड उद्योग वाणिज्य संघमा आयोजित कार्यक्रमकाबीच विन्दललाई कदरपत्रद्वारा सम्मान गरिएको संघका महासचिव कुशल खतिवडाले बताए ।

### यसकारण...

एकै नामबाट दुई व्यवसाय दर्ता हुने अबस्थाले गर्दा टेण्डर हाल्न समस्या भइरहेकाले घरेलु तथा साना उद्योग कार्यालयमा व्यवसाय दर्ता गर्दा निर्माण व्यवसायी संघसंग समन्वय गर्नुपर्ने व्यवस्थाका लागि पहिल गरिने छ । संस्थाको वित्तीय अनुशासन पालना गर्न विशेष पहल गरिने छ । उनले भनेका छन् 'निर्माण व्यवसायी साथीहरुको अवस्था परिवर्तनको लागि मेरो उम्मेद्वारी हो । तीन वर्ष कार्यसमितिमा रहेर काम गर्दा मलाई तीन वर्षे अनुभवले प्रेरित गरेको छ ।

हामीले आफ्नो पेशा गरिरहँदा विकासे अड्डामा कार्यरत कर्मचारीबाट सार्वजनिक खरिद नियमावलीको कार्यान्वयनमा त्रुटिपूर्ण व्याख्या गर्ने गरिन्छ । नियमावली कार्यान्वयनमा देखिएको त्यस त्रुटिपूर्ण व्याख्यालाई सच्याउन जरुरी देखिन्छ । निर्माण व्यवसायी संघ अध्यक्षमुखी भएकाले अध्यक्षको क्षमतामा संघको भविष्य निर्भर रहन्छ । त्यसकारण नेतृत्वबाट गहन जिम्मेवारी पूरा गर्ने क्षमता हुनुपर्यो अर्थात अध्यक्ष क्षमतावान हुनुपर्यो । अर्को समस्या कार्यालयहरुको बोलपत्र आव्हान गर्दा हुने समस्याका बारेमा छलफल गर्न प्रिविट मिटिङ अनिवार्य राख्नुपर्ने जरुरी देखिन्छ । तर, त्यसलाई अनदेखा गरिँदै आएको छ । प्रत्येक व्यवसायीले प्रिविट मिटिङमा भाग लिनैपर्ने गरी प्रोत्साहन गरिनु पर्छ । समय अभावदेखि लिएर योजनाका बारेमा आइपर्न सक्ने प्राविधिक समस्याका बारेमा प्रश्न गर्न सकिन्छ । प्रिविट मिटिङबाटै योजना कार्यान्वयनका सवालमा आइपर्ने समस्या हल गर्न सकिन्छ । ठेक्कासम्बन्धी पुनरावलोकन पनि गर्न सकिन्छ ।'

पुल्चोक इन्जिनियरिङ कलेज ललितपुरबाट इन्जिनियरिङ गरेका झापा भद्रपुर ७ निवासी सिंह निर्माण क्षेत्रका लागि एक योग्य र अनुभवी व्यक्तित्व हुन् । २०५९ सालमा इन्जिनियरिङ पूरा गरिसकेपछि उनी त्यसयता निर्माण व्यवसाय क्षेत्रमा सक्रिय छन् । निर्माण व्यवसायी उपेन्द्रप्रसाद सिंहका छोरा प्रकाश त्यही क्षेत्रमा २०५९ सालदेखि निरन्तररुपमा क्रियाशील रहेका हुन् । उनले निर्माण व्यवसायमा केन्द्रित रहेर इन्जिनियरिङ पढ्दाखेरि नै २०५८ सालमा सगरमाथा निर्माण सेवा दर्ता गरेका थिए । सोही बेलादेखि उनी निर्माण व्यवसायी संघको सदस्य रहेका छन् । पिताको निधनपछि आफ्नो कम्पनीसँगै पिताको पूर्वाञ्चल कन्स्ट्रक्सन पनि संचालन गर्दै आएको उनी बताउँछन् ।

झापामा यान्त्रिकरणबाट कालोपत्रे गर्ने कार्य आफूले नै शुरु गरेको उनको भनाई छ । २०७४ सालमा सो प्रविधि भित्र्याएपछि कालोपत्रे गर्ने कार्यले तीब्रता पाएको बताइन्छ । 'पहिला कालोपत्रे मेनुअली हुन्थ्यो' उनी भन्छन्,' हामीले २०७४ सालमा मेकानिज्ड गर्यौं ।' निर्माण व्यवसायी संघको सफल नेतृत्वमा वित्तीय , प्राविधिक र कानुनी ज्ञान हुन आबश्यक हुन्छ । यी तीनवटै मापदण्ड भएरै आफूले उम्मेद्वारी दिन लागेको उनी बताउँछन् । निर्माण व्यवसायी संघ झापालाई सक्रिय बनाउँदै निर्माण व्यवसायको क्षेत्रमा देखिएका यावत समस्या समाधान गर्ने मुख्य एजेन्डासहित उनले अध्यक्ष पदमा उम्मेद्वारी दिएको बताएका छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ ।

**वृष** वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुंजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।